नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं ।
फोन नं.: ०१-५३६२३६९, ०१-५९१२९७१
इमेल: info@dftqc.gov.np
वेभपेज: www.dftqc.gov.np

पत्र संख्या:-
च. नं.:-
प्राप्त पत्र संख्या र मिति:-

खाद्य पदार्थ फिर्ता (Recall) गर्ने सम्बन्धि आदेश

प्रकाशित मिति : २०८३/०७/२०

यस विभाग वा अन्तरगतको निकायबाट बजार अनुगमन निरिक्षणको क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम संकलन गरिएको तपसिल बमोजिमको खाद्य पदार्थको नमूना प्रयोगशालामा परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित खाद्य पदार्थ खाद्य नियमावली, २०२७ को व्यवस्था अनुसार प्रतिकुल पाइएकोले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३८(२) को प्रावधान बमोजिम उक्त उत्पादन मिति र ब्याच नं. का सबै खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता (Recall) गर्न साथै सोही दफाको उपदफा (४) बमोजिम बिक्रि बितरण नगर्न/नगराउनु हुन ऐनको दफा ३८(२) बमोजिम महानिर्देशकको मिति २०८३/०७/२० गतेको निर्णय अनुसार सम्बन्धित उत्पादकलाई यो आदेश जारी गरिएको छ।

तपसिल:

सि.न.	खाद्य पदार्थको नाम	ब्याच नं.	ब्रान्ड	उत्पादन मिति/ उपभोग्य मिति	कारण	उत्पादकको नाम, ठेगाना
१	Chowomen Color (६०० ग्राम)	12 Aug 2026 मा उत्पादित सम्पुर्ण उत्पादन	राधाकृष्ण	उत्पादन मिति : 12 Aug 2026 उपभोग्य मिति: Best before 9 months	खाद्य नियमावली, २०२७ को नियम २२ संग सम्बन्धित अनुसूची-१० (घ) प्रतिकुल हुनेगरी सिन्थेटिक रंगहरु प्रयोग गरेको।	Radha Krishna Noodles Bardibas-11, Mahottari
२	Soya Sauce (७५० मि.ली.)	26109	Dragon	उत्पादन मिति : June 2026 उपभोग्य मिति: Best before 24 months	खाद्य नियमावली, २०२७ को नियम २२ संग सम्बन्धित अनुसूची-१० (घ) प्रतिकुल हुनेगरी सिन्थेटिक रंगहरु प्रयोग गरेको।	Green Nepal Agro Pvt. Ltd., Lalitpur-22, Nepal
३	Mix Vegetable Red Sauce (६०० ग्राम)	12 Aug 2026 मा उत्पादित सम्पुर्ण उत्पादन	राधाकृष्ण	उत्पादन मिति : 12 August 2026 उपभोग्य मिति: Best before 9 months	खाद्य नियमावली, २०२७ को नियम २२ संग सम्बन्धित अनुसूची-१० (ख) प्रतिकुल हुनेगरी सिन्थेटिक रंगहरु तोकिएको मापदण्ड भन्दा बढी प्रयोग गरेको र खाद्य नियमावली, २०२७ को नियम २३ संग सम्बन्धित अनुसूची ११ (ख) प्रतिकुल हुनेगरी Benzoic acid तोकिएको मापदण्ड भन्दा बढी प्रयोग गरेको।	Radha Krishna Noodles Bardibas-11, Mahottari

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत